बैठक नं: ९०

आज मिति २०७८ चैत्र १४ गते सोमबार का दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ९० औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## अन्य उपस्थिति

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. जिवलाल श्रेष्ठ, अधिकृत आठौं तह, प्रशासन तथा योजना शाखा
३. राम कुमार श्रेष्ठ, जन स्वास्थ्य अधिकृत, स्वास्थ्य शाखा
४. विनोद अर्याल, लेखा अधिकृत, आर्थिक प्रशासन शाखा
५. शिव सापकोटा, अधिकृत छैठौं, आर्थिक विकास शाखा
६. टिकाराम बस्याल, ईन्जिनियर, पुर्वाधार शाखा
७. कृष्ण हरी सापकोटा, सूचना प्रविधि अधिकृत, सूचना शाखा
८. भुपाल लामिछाने, स्वकीय सचिव, नगर प्रमुख।

मिति २०७८।१२।१४ गतेको ९० औं नगर कार्यपालिकाको बैठकमा छलफलका लागि पेश भएका विषयहरु

१, अघिल्लो नगर कार्यपालिकाको निर्णयको समीक्षा सम्वन्धमा।

२, भूमिहीन नगरवासीहरुलाइ जग्गा व्यवस्थापन सम्वन्धी कार्य संचालन सम्वन्धमा।

३, फोहोर मैला व्यवस्थापन सम्वन्धमा।

४, नगरपालिकाको प्रशासकीय भवन र खानेपानी टंकी उद्घाटन सम्वन्धमा।

५, देवचुली डांडामा बृक्षरोपण लगायत अतिक्रमण नियन्त्रण सम्वन्धमा।

६, देवचुली १३ का मुद्दा प्रभावितहरुलाइ सहयोग सम्वन्धमा।

७, विभिन्न शीर्षमा विनियोजित रकम रकमान्तर गरी कार्य संचालन गर्ने सम्वन्धमा।

Scanned with CamScanner

## मिति २०७८।१२।४ गतेको ९० औं नगर कार्यपालिकाको बैठकमा छलफल गरी निर्णय भएका विषयहरु

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस नगर कार्यपालिकाको ८८ औं र ८९ औं बैठकबाट भएका निर्णयहरुको समीक्षा गरी नगर प्रमुखको निर्देशन अनुसार आर्थिक सहायता उपलब्ध गराइएका खर्चहरु समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगर क्षेत्रका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुका लागि आयोगबाट उपलब्ध गराइने जग्गाको आवश्यक प्रकृयाको थालनी गर्ने प्रयोजनका लागि कम्पुटर समेतको ज्ञान भएका सहायक स्तर पांचौ तहको पद १ (एक) सहायक स्तर चौथो तहको पद ४ (चार) तथा सहायक स्तर चौथो तहको अमिन पद २ (दुई) समेत जम्मा ७ ( सात) जनाको करार दरवन्दी सिर्जना गरी १५ दिने सूचना बमोजिम योग्यताको आधारमा २०७९ असार मसान्तसम्मका लागि करार सैम्फौता गरी कामकाजमा लगाउने र सोही खर्च शीर्षकबाट कर्मचारीहरुलाइ आवश्यक पर्ने कम्पुटर लगायत फर्निचर खरिदको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा निजी क्षेत्रको सहयोग तथा समन्वयमा यस नगरक्षेत्रको फोहोर मैला व्यवस्थापनको कार्य संचालन गरिदै आएकोमा २०७८ माघ देखि नै विविध कारणले फोहोर व्यवस्थापनमा अवरोध आएकोले आगामी आ.व.देखि हाल कायम फोहोर संकलन दस्तुरमा केही प्रशित रकम थप गर्नेगरी निजीक्षेत्रको सहकार्यमा अर्को व्यवस्था नभएसम्मका लागि वडा नं. १२ को हाल फोहोर संकलन गरिदै आएको आवादी जग्गामा नै फोहोर मैला संकलन/व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिकाको प्रशासकीय भवन र प्रगतिनगर खोपानी ओभरहेट टंकी मिति २०७८ साल चैत्र १६ गतेका दिन गण्डकी प्रदेश माननीय मुख्य मन्त्री कृष्णचन्द्र नेपाली पोखरेल ज्यूबाट एक कार्यक्रम सहित समुद्घाटन गर्ने र यस कार्यमा नगर कार्यपालिका तथा नगर सभाका सवै सदस्यहरुबाट आवश्यक सहयोग,समन्वय तथा सहभागी हुने निर्णय गरियो ।

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं. ५,

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका अन्रतग वडा नं. ५ मा पर्ने देवचुली डांडा यस नगरको पर्यटकीय गन्तव्य (पैदल मार्ग) को रुपमा रहेको र यस क्षेत्रमा डढेलो नियन्त्रण गर्ने विधि अपनाइ भौगोलिक अवस्था अनुकुलका बृक्षरोपण गर्न आवश्यक देखिएकोले सो कार्यका लागि डिभिजन वन कार्यालय र इच्छुक सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरु समेतको सहयोगबाट वातावरणीय सन्तुलन कायम राख्न र बस्तीहरुको अद्यावधिक बिवरणका लागि सम्वन्धित वडा कार्यालयको सहयोग लिने निर्णय गरियो ।

निर्णय नं. ६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नगरपालिका अन्रतग वडा नं. १३ दलदलेका स्थानीय नगरवासीहरुलाइ जग्गा खरिद विक्रि सम्वन्धी विषयमा प्रतिवादी वनाइ जिल्ला अदालतमा मुद्दा चलिरहेको सम्वन्धमा कानून व्यवसायीसंग परामर्श गर्ने निर्णय गरियो ।

निर्णय नं. ७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगतका वडाहरुबाट विभिन्न कारण देखाइ योजना परिवर्तन, बजेट माग तथा रकमान्तरका लागि सिफारिस भइ आए अनुसार आगामी नगर सभाबाट समर्थन हुनेगरी रकमान्तर गर्ने निर्णय गरियो ।

(क) वडा नं. ११ को सि.नं. ३९६ मा धारापानी मिनी रंगशालामा माटो भरी ग्रेडिङगर्ने कार्यमा विनियोजित रकम रु, २ लाखबाट सोही स्थानमा गेट निर्माण र पलाष्टर गर्ने कार्यमा रकमान्तर गर्ने ।

(ख) वडा नं १३ को सि.नं. ४४१ को वोटेटोल अन्तरगत भित्रीबाटो स्तरोन्नती योजनामा विनियोजित रकमबाट उक्त कार्य संचालनका बखत टोलवहादुर सारु, अम्मर वहादुर वि.क., कृष्णमाया सुनार, र सुकमाया सुनारको घर टहरोमा नोक्सान पर्न गएको मा निजहरुको आर्थिक अवस्था कमजोर भएकोले निजहरुको घर संरक्षण कार्यमा प्रति घर रु, २० हजारका दरले हुन आउने रकम रु, ८० हजार मेयर विपद कोषबाट व्ययभार हुनेगरी रकम उपलव्ध गराउने ।

(ग) वडा नं १२ को सि.नं. ४१० मा विनियोजित रकम रु, १ लाख र सि.नं. ४१६ मा विनियोजित रकम रु, १ लाख समेत गरी जम्मा २ लाख मुक्तिक्षेत्र सडक कालोपत्रे कार्यमा रकमान्तर गरी योजना संचालन गर्ने ।

(घ) वडा नं. ४ को सि.नं. २६० मा विनियोजित रकम रु, १ लाख बाट प्रगतिशील आमा समूहलाई टेण्ट, कुर्ची लगायतका आवश्यक सामान खरिद गर्ने गरी रकमान्तर गर्ने ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं. ८,

नगर कार्यपालिकाबाट आ.व. २०७५/०७६ देखि सडक स्तरोन्नती कार्यमा ढुङ्गाको गारो लगाउने सो गारोमा पि.सि.सि. गर्ने कार्यको नगरस्तरीय दररेट कायम गर्दा भवन निर्माण तर्फको Norms कायम हुन गई सडक स्तरोन्नती कार्यको प्रकृति फरक परेको भनी म.ले.प.बाट प्राप्त राय सुझावलाइ मनन गरी आइन्दा देखि त्यस्ता प्रकृतिका कार्य गर्दा सडक स्तरोन्नतीको सम्वन्धमा सडक विभागको Norms -2075 प्रयोग गरी कार्यान्वयन गर्ने/गर्न लगाउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner